।। नमो रत्नत्रयाय ।।

# लुम्बिनी बौद्ध विश्वविद्यालय
# LUMBINI BUDDHIST UNIVERSITY
## लुम्बिनी अनुसन्धान केन्द्र
## Lumbini Research Center

प.सं. २०८१।०८२

च.नं. ०२

मिति : २०८१।०४।१५

श्री उपकुलपतिको कार्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, पर्सा, लुम्बिनी
श्री रजिस्ट्रारको कार्यालय, लुम्बिनी बौद्ध विश्वविद्यालय, पर्सा, लुम्बिनी
श्री बौद्ध अध्ययन सङ्काय, डिनको कार्यालय, पर्सा, लुम्बिनी
श्री मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय, बुटवल
श्री स्कुल अफ डिभिलपमेन्ट स्टडिज एन्ड एप्लाइड साइन्सेज, डिनको कार्यालय, देवदह, रूपन्देही
श्री अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र, पर्सा, लुम्बिनी
श्री योजना तथा अनुगमन महाशाखा, लुम्बिनी
श्री केन्द्रीय क्याम्पस, पर्सा, लुम्बिनी
श्री सिटी कलेज, बुटबल
श्री मेट्रो कलेज, दाङ
श्री लुम्बिनी कलेज अफ बुद्धिजम एन्ड हिमालयन स्टडिज, काठमाडौं
श्री बौद्ध मल्टिपल क्याम्पस, काठमाडौं
श्री थेरावाद बुद्धिस्ट एकेडेमी, काठमाडौं
श्री सुगत बौद्ध महाविद्यालय, ललितपुर
श्री लोटस एकेडेमिक कलेज, ललितपुर
श्री जिरी बुद्धिस्ट कलेज, दोलखा
श्री सोवा रिग्पा इन्टरनेसनल कलेज, काठमाडौं
श्री लुम्बिनी इन्टर नेसनल एकेडेमी अफ साइन्स एन्ड टेक्नोलोजी, ललितपुर
श्री बज्रयान अध्ययन केन्द्र, ललितपुर

### लघु अनुसन्धान (Mini Research) सम्बन्धी सूचना

यस लुम्बिनी बौद्ध विश्वविद्यालयको पठनपाठन र अनुसन्धानको गुणस्तर वृद्धिका लागि लुम्बिनी अनुसन्धान केन्द्रअन्तर्गत यस आ.व.२०८१/०८२ मा बौद्ध दर्शन, साहित्य, शिक्षा, संस्कृति, पर्यटन, कानुन, विकास अध्ययन तथा प्रायोगिक विज्ञान विषयमा लघु अनुसन्धान (Mini Research) गराउनु पर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र व्यक्तिगत विवरण, निवेदनसहित लघु अनुसन्धान (Mini Research)को प्रस्ताव बुझाउनुहुन यस विश्वविद्यालयअन्तर्गतका क्याम्पस/कार्यालयहरूमा प्राध्यापनरत/कार्यरत सम्पूर्ण शिक्षक, कर्मचारी तथा निकाय प्रमुखहरूलाई यसै सूचनाद्वारा जानकारीका लागि अनुरोध छ ।

शोधप्रस्तावकले आफू कार्यरत क्याम्पस वा कार्यालयको विभागीय सिफारिस अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ। विद्यावारिधि पूरा गरिसकेकाहरूले यसमा भाग लिन पाउने छैनन्। प्रस्तावका आधारभूत तथ्यहरू विश्वविद्यालय अनुदान आयोगको कार्यक्रम कार्यविधि–२०८० र यस विश्वविद्यालयले तोके बमोजिम हुनेछ । सन्दर्भ ग्रन्थलगायतका प्रविधि एम.एल.ए नवीन भर्सनअनुसार हुनुपर्नेछ । प्रस्तावको हार्ड तथा सफ्ट (पिडिएफ र वर्ड फाइल दुवै) कपी पेस गर्नुपर्नेछ । स्नातक र स्नातकोत्तर तहका

Parsa, Rupandehi, Lumbini, Nepal research@lbu.edu.np 071-404084, 404088 www.lbu.edu.np

।। नमो रत्नत्रयाय ।।

# लुम्बिनी बौद्ध विश्वविद्यालय
# LUMBINI BUDDHIST UNIVERSITY
## लुम्बिनी अनुसन्धान केन्द्र
## Lumbini Research Center

विद्यार्थीहरूको पठनपाठनलाई सहयोग पुग्ने प्रस्तावलाई विशेष प्राथमिकता दिइनेछ। अनुसन्धान कार्यलाई सहज बनाउन प्रतिअनुसन्धान रु.७५,००० (अक्षरेपी पचहत्तर हजार रुपैँया मात्र) प्रदान गरिनेछ। यसै ई-सूचनालाई आधारमानी आआफ्नो क्याम्पस/कार्यालयको सूचनापाटीमा टाँस गरी मातहतका विभाग/शाखा/सम्बन्धितमा जानकारी गराइदिनहुन अनुरोध छ।

विस्तृत जानकारीका लागि अनुसन्धान केन्द्रको प्रशासन शाखा, ९८४७१८३१७९ वा ९८६७१८७००१ मा सम्पर्क राख्न यसै सूचनाद्वारा जानकारी गराइन्छ।

इमेल : research@lbu.edu.np

प्रा.डा.गितु गिरी
निर्देशक

D:\Research Center\Research Center 2081.082\New\1 Mini Research\New\1 Notice